# भाग ४

## लोक सेवा आयोगको सूचना

नेपालको संविधानको धारा ७८ को उपधारा (४क) ले दिएको अधिकार प्रयोग गरी आगामी २०४३ साल आषाढ मसान्तसम्म कायम रहने गरी निम्नलिखित पदहरूका लागि लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० र लोक सेवा आयोग (कार्यविधि) नियमहरू, २०२७ समेतको परिधिभित्र रही उम्मेदवारको उपयुक्तता जाँच्ने कार्यको लागि देहायबमोजिमको अधिकार देहायबमोजिम सुम्पने गरी आयोगबाट निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. पियन वा सोसरहको पदपूर्ति गर्दा उम्मेदवारको उपयुक्तता जाँच्ने अधिकार सम्बन्धित कार्यालय प्रमुखलाई ।

२. राजपत्र अनङ्कित चतुर्थ श्रेणी प्रशासन सेवाका सबै पदहरू पूर्ति गर्दा उम्मेदवारको उपयुक्तता निर्धारण गर्ने अधिकार सम्बन्धित राजपत्राङ्कित कार्यालय प्रमुखलाई । सो नभएमा राजपत्राङ्कित अधिकृत मूल अड्डा प्रमुखलाई ।

३. राजपत्र अनङ्कित स्थायी प्राविधिक पदहरू पूर्ति गर्दा उम्मेदवारको उपयुक्तता निर्धारण गर्ने अधिकार देहाय अनुसारका पदाधिकारीलाई:-

(क) राजपत्र अनङ्कित चतुर्थ र तृतीय श्रेणीका पदहरूसम्बन्धी राजपत्राङ्कित कम्तिमा तृतीय श्रेणीका कार्यालय प्रमुखलाई । सो नभएमा राजपत्राङ्कित अधिकृत मूल अड्डा प्रमुखलाई ।

(ख) राजपत्र अनङ्कित द्वितीय श्रेणीका पदहरू सम्बन्धित राजपत्राङ्कित द्वितीय श्रेणीका कार्यालय प्रमुख । विभागीय प्रमुखलाई ।

(ग) राजपत्र अनङ्कित प्रथम श्रेणीका पदहरू सम्बन्धित राजपत्राङ्कित प्रथम श्रेणीका कार्यालय प्रमुख । विभागीय प्रमुखलाई ।

(घ) काठमाडौं उपत्यका (काठमाडौं, ललितपुर, भक्तपुर जिल्ला) भित्रका कार्यालयहरूको राजपत्र अनङ्कित प्रथम श्रेणीसम्मका सबै प्राविधिक पदहरू सम्बन्धित विभागीय प्रमुखलाई ।

४. विकास आयोजनामा भर्ना गरिएका अस्थायी कर्मचारीको आयोजना अवधि बढेको कारणले म्याद बढाउनु परेमा पहिलो पटक र पुनः त्यही आयोजना अवधि बढेमा दोस्रो पटकसम्म म्याद थप गर्ने अधिकार :-

(क) राजपत्राङ्कित पदहरूको लागि सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय र विभागको सचिव वा सोसरहलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

269

(ख) राजपत्र अनङ्कित पदहरूको लागि सम्बन्धित विभागीय प्रमुखलाई ।

५. विभिन्न मन्त्रालय, आयोग, सचिवालय, विभाग तथा कार्यालयहरूमा र विभिन्न विकास आयोजनाहरूको राजपत्र अनङ्कित चतुर्थ श्रेणीदेखि राजपत्राङ्कित द्वितीय श्रेणीसम्मका प्राविधिक तथा प्रशासनतर्फका योजना अवधिभरको र म्यादी पदहरू पूर्ति गर्दा उम्मेदवारको उपयुक्तता जाँच्ने अधिकारः–

(क) राजपत्राङ्कित पदहरूको लागि सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय, विभागका सचिव वा सोसरहलाई ।

(ख) राजपत्र अनङ्कित पदहरूको लागि उपर्युक्त दफा ३ मा उल्लेख भए अनुसारको पदाधिकारीहरू वा उक्त खण्डहरूमा उल्लिखित श्रेणीका आयोजना प्रमुखलाई ।

६. प्रत्यायोजित अधिकार प्रयोग गर्दा पियन वा सोसरहको पदबाहेक अरू राजपत्र अनङ्कित पदका सम्बन्धमा निम्नबमोजिमको अन्तर्वार्ता समिति कायम गरिएको छः–

(क) जिल्लास्तरीय कार्यालयहरूको पदका सम्बन्धमा प्र. जि. अ.
अञ्चलस्तरीय कार्यालयहरूको पदको सम्बन्धमा अञ्चलाधीश
क्षेत्रीय स्तरको कार्यालयहरूको पदको सम्बन्धमा क्षेत्रीय निर्देशक वा क्षेत्रीय अधिकृत — अध्यक्ष

(ख) सम्बन्धित विभागीय प्रमुख, कार्यालय प्रमुख अथवा आयोजना प्रमुख वा निजको अधिकृत स्तरको प्रतिनिधि — सदस्य

(ग) अन्य कार्यालयको अधिकृत प्रतिनिधि — सदस्य

(घ) दक्ष वा विशेषज्ञ — सदस्य

द्रष्टव्यः– (१) जिल्लास्तरीय कार्यालयको पदको लागि प्रमुख जिल्ला अधिकारी जिल्लामा अनुपस्थित भए अध्यक्षता स्थानीय विकास अधिकारीले र अञ्चलस्तरीय कार्यालयको पदको लागि अञ्चलाधीश अनुपस्थित भए अध्यक्षता सम्बन्धित जिल्लाको प्र. जि. अ. ले गर्नेछ ।

(२) अन्य कार्यालयको अधिकृत प्रतिनिधि अध्यक्षले मनोनीत गर्ने ।

(३) दक्ष वा विशेषज्ञको मनोनयन विभागीय प्रमुख, कार्यालय प्रमुख वा आयोजना प्रमुखले गर्नेछ ।

(४) काठमाडौं उपत्यकाभित्रको कुनै पनि कार्यालयहरू (जिल्लास्तर, अञ्चलस्तर, क्षेत्रीय स्तर तथा केन्द्रीय स्तरका कार्यालयसमेत) को लागि अन्तर्वार्ता समितिको अध्यक्ष सम्बन्धित विभागीय प्रमुख नै हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262

७. न्यायतर्फका कर्मचारीको हकमा अन्तर्वार्ता समितिको अध्यक्षता क्षेत्रीय सरकारी अधिवक्ता कार्यालय र क्षेत्रीय अदालतको पदका हकमा क्षेत्रीय मुख्य न्यायाधीश वा निजले मनोनीत गरेको क्षेत्रीय न्यायाधीशले, स.अ. तथा स.अ. कार्यालय र अञ्चल अदालतको हकमा अञ्चल न्यायाधीशले र स.स.अ. तथा स.स.अ. को कार्यालय र जिल्ला अदालतको पदका हकमा जिल्ला न्यायाधीशले गर्नेछ ।

८. उम्मेदवारहरूको सुविधाको लागि यदि अन्य जिल्लामा अन्तर्वार्ताको व्यवस्था गर्नु परेमा पनि माथि उल्लेख भएमुताविककै अन्तर्वार्ता समिति गठन गर्नु पर्नेछ ।

९. माथि दफा ५ मा उल्लिखित रा.प. पदहरू पूर्तिका लागि अन्तर्वार्ता समिति देहायबमोजिम कायम गरिएको छः–

(क) सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय र विभागका सचिव वा सोसरह – अध्यक्ष

(ख) सम्बन्धित विभागीय प्रमुख वा राजपत्राङ्कित प्रथम श्रेणीको सम्बन्धित आयोजना प्रमुख – सदस्य

(ग) सम्बन्धित विषयको दक्ष वा विशेषज्ञ – सदस्य

(दक्ष वा विशेषज्ञको मनोनयन समितिको अध्यक्षले गर्नेछ)

१०. उक्त पदहरू पूर्ति गर्दा लोक सेवा आयोगबाट प्रकाशित अधिकार प्रत्यायोजन भएबमोजिम पद पूर्ति गर्ने कार्यविधिको निर्देशिका, २०३८ (संशोधित) मुताविक रित पुऱ्याउनु पर्नेछ ।

११. पद पूर्ति गर्दा पदको लागि आवश्यक न्यूनतम योग्यताको हकमा आयोगबाट प्रकाशित निजामती सेवाका विभिन्न पदको लागि आयोगबाट निर्धारित योग्यता-सम्बन्धी पुस्तिका २०४० मा उल्लेख भएकोमा सोहीबमोजिम र उल्लेख नभएकोमा आयोगसंग सम्पर्क राखी न्यूनतम योग्यता निर्धारित गराई लिनु पर्नेछ ।

१२ विकास समिति ऐन, २०१३ अन्तर्गत गठित विकास समितिद्वारा सञ्चालित आयोजनाहरूका पदपूर्तिका सम्बन्धमा संविधानको धारा ७८ को उपधारा (३क) मुताविक आयोगबाट प्रदत्त सामान्य सिद्धान्त अनुसार नै हुनेछ ।

१३. यो सूचना अनुसार प्रत्यायोजित अधिकार अनुसार उपयुक्तता जाँची नियुक्ति हुने भएकाहरूको योग्यताक्रमानुसारको नामावली एवं निजहरूको उमेर, ठेगाना, ३ पुस्ता, शैक्षिक योग्यता र अनुभवसमेतको विवरण र प्रकाशित विज्ञापनको एक प्रति नक्कलसमेत योग्यताक्रम सूचना प्रकाशित हुना साथै राजपत्राङ्कितको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।